नेपाल वायुसेवा

# आकाश भैरब
# AAKASH BHAIRAB
*In-House Journal*

Vol. 42, No. 4 Magh-Falgun (2079) February-March (2023)

## निगमद्वारा ऐतिहासिक उडान सम्पन्न

राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमले नेपालको उड्डयन इतिहासमै (अन्तर्राष्ट्रियतर्फको) पहिलो पटक ८ मार्च २०२३ मा अन्तर्राष्ट्रिय महिला दिवसको अवसर पारेर ऐतिहासिक उडान सम्पन्न गरेको छ । सम्पूर्ण महिला सदस्यहरू 'ककपिट क्रु' र 'केबिन क्रु'को टिमले निगमको उडान नम्बर आर.ए. २३० दुवई-काठमाडौं सुरक्षित अवतरण गरेको हो । उक्त उडानमा कमाण्डर पाइलट भावना गिरी पन्त, को-पाइलट सिर्जना रावत, आइएफएस बास्ना राना, फ्लाईट पर्सर अन्जक महर्जन, एयर होस्टेस संगीता के.सी., र अनिशा प्रजापती रहेका थिए ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उक्त विमानका चालक दलका सदस्यहरूलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किराती तथा नेपाल वायुसेवा निगमका कार्यकारी अध्यक्ष युबराज अधिकारीले स्वागत गर्नु भएको थियो ।



## पाटा नेपालद्वारा "डेस्टिनेसन मार्केटिङ कन्क्लेभ २०२३" सम्पन्न

नेपालको कोशी प्रदेशलाई पर्यटनको आकर्षक गन्तव्य स्थल बनाउने उद्देश्यले 'डेस्टिनेसन मार्केटिङ कन्क्लेभ २०२३' कार्यक्रम आयोजना गरिएको थियो । आन्तरिक र सीमापार पर्यटन प्रवर्द्धनका निम्ति प्यासिफिक एसिया ट्राभल एसोसिएसन (पाटा) नेपालले गत माघ १३ देखि १६ सम्म कोशी प्रदेशमा कन्क्लेभ आयोजना गरेको हो । उक्त कन्क्लेभमा नेपाल, भारत, बंगलादेश, अमेरिकालगायतका मुलुकका पाटा च्याप्टरका प्रतिनिधि, पर्यटन क्षेत्रका नेतृत्वदायी विज्ञ, पर्यटन उद्योगका विज्ञ, (बाँकी ३ पृष्ठमा)



# सम्पादकीय

राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमले अन्तर्राष्ट्रियतर्फको नेपालको उड्डयन इतिहासमै पहिलो पटक ८ मार्च २०२३ मा ऐतिहासिक उडान सम्पन्न गरेको छ । 'ककपिट क्रु' र 'केबिन क्रु' सम्पूर्ण महिला सदस्यहरूको टिमले निगमको दुवई-काठमाडौं सुरक्षित उडान गरेको हो, जसको नतिजा स्वरूप राष्ट्रिय ध्वजावाहकले आर्जन गरेको उक्त उपलब्धिलाई ऐतिहासिक समेत बनाउन भूमिका खेलेको छ । यसअघि नेपाल वायुसेवा निगमको विमानबाट २०७९ फागुन २१ मा पहिलो पटक पाइलट भावना गिरी पन्त र को-पाइलट सिर्जना रावतले ककपिट सम्हालेर काठमाडौं-दुवई सुरक्षित उडान गरेका थिए, जुन दुई महिला पाइलटहरूले अन्तर्राष्ट्रिय उडान गरेको निगमकै इतिहासमा पहिलो हो । यसबाट निगममा कार्यरत महिला कर्मचारीको सम्मान, योगदानको कदर, मनोवलको उच्चता कायम एवं पेशागत सवलीकरण र सशक्तिकरणमा समेत ऊर्जा थपिएको महसुस गर्न सकिन्छ ।

हालै मात्र निगमले यात्रुहरूको सुविधालाई मध्यनजर गर्दै अन्तर्राष्ट्रिय टिकट बिक्री कक्ष बिहान ९:०० बजे नै खोल्ने र बेलुका ७:०० बजे सम्म सेवा प्रवाह गर्ने निर्णय गरेको छ । शुक्रबार, शनिबार र सार्वजनिक बिदाको दिनमा भने विगत देखि नै सेवाग्राही यात्रुलाई सेवा प्रदान गर्दै आएको छ । यसबाट आम यात्रु वर्गलाई मनग्गे सुविधा पुग्ने र जनमानसमै पनि सकरात्मक सन्देश प्रवाह हुने अपेक्षा गरिएको छ । सँगै, निगमले यात्रुहरूकै सहजतालाई मध्यनजर गर्दै ई-सेवा पोर्टलबाट पनि पूर्ण रूपमा सर्वसुलभ हुने गरी आन्तरिक र अन्तर्राष्ट्रिय हवाइ टिकट काट्न सकिने प्रबन्ध गरेको छ । अन्य लोकल वालेटबाट पनि हवाइ टिकट काट्न सक्ने व्यवस्था गर्ने निगमको कार्ययोजना रहेको छ । निगमको यस प्रविधिमैत्री कार्यलाई हवाइ बजार प्रतिस्पर्धामा निगमले प्रदर्शन गर्दै गरेको अग्रसरताको द्योतकको रूपमा आत्मसात् गर्नु पर्ने हुन्छ ।

पछिल्लो समय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीले राष्ट्रिय ध्वजावाहकलाई हरेक तबरबाट प्रतिस्पर्धी बनाइ यसको साख बढाउने तर्फ देखाउनु भएको तदारूकता प्रसंशनीय छ । माननीय विभागीय मन्त्रीले निगमप्रति देखाउनु भएको उच्च आशा र विश्वासले निगमलाई आफ्नो उद्देश्यमूलक नतिजा प्राप्तितर्फ थप अभिप्रेरित गरेको छ । यसै अभिप्रेरणात्मक ऊर्जालाई निगमले कार्य मनोवलका रूपमा आत्मसाथ समेत गरेको छ । सँगै, निगमले गन्तव्य विस्तारको आफ्नो रणनीतिक योजनालाई मूर्त रूप प्रदान गर्ने क्रममा दक्षिण कोरियामा वैदेशिक रोजगारीका निम्ति गएका नेपाली श्रमिक दाजुभाइ, दिदीबहिनीको सहजतालाई मध्यनजर गरेर आफ्नो गन्तव्य विस्तारलाई प्राथमिकीकरण गरेको छ । यसको थप कार्य-नतिजाका निम्ति सक्रियता देखाउँदै गर्दा निगमले सर्वदा नेपाल सरकार र सम्पूर्ण सरोकारवाला पक्षको सद्भाव र सहयोगको अपरिहार्यतामा जोड दिन चाहन्छ ।



'बेस्ट एयरलाइन्स् अवार्ड नेपाल २०२२' ग्रहण गर्दै निगमका नायव महाप्रबन्धक (प्र) श्री जनक राज कालाखेती ।

## सम्पादक मण्डल


प्रधान सम्पादक : अर्चना खड्का

कार्यकारी सम्पादक : गणेश कुमार घिमिरे

सम्पादक : दिपेन्द्र सापकोटा

सह-सम्पादक : सुरेश सापकोटा

विभागीय प्रतिनिधिहरू : गोपाल प्र. तिवारी, इन्जिनियरिङ् मेन्टिनेन्स
दामोदर मिश्र, यात्रुसेवा
श्याम प्रसाद यादव, आन्तरिक लेखा परीक्षण
प्रकाश अधिकारी, गाउण्ड सपोर्ट
भाष्कर खनाल, मानव संशाधन
माधव लोहनी, कन्टिन्यूइङ् एयर वर्दिनेश मेनेजमेन्ट
यशोदा सिंखडा सापकोटा, वाणिज्य
रमेश कुमार पाण्डे सा.से. तथा सं. व्यवस्थापन
इन्द्र थापा, अर्थ
हरि दत्त पन्त, अपरेसन्श
सञ्जय कुमार देव, क्वालिटि एसुरेन्स एण्ड फ्लाईट सेफ्टी

प्रकाशक : बाह्य, जनसम्पर्क तथा प्रचार प्रसार महाशाखा, संस्थागत विभाग, नेपाल वायुसेवा निगम
www.nepalairlines.com.np

प्रेस सल्लाहकार : पुरू रिसाल

फोटो सल्लाहकार : हरि गोपाल प्रधान

## पाटा नेपालद्वारा ...........

टूर अपरेटरसमेत गरी सयभन्दा बढीको सहभागिता रहेको थियो ।

आन्तरिक र सीमापार पर्यटन सवलीकरणको नाराका साथ सम्पन्न उक्त कन्क्लेभमा भेडेटार, धनकुटा, धरान, बराहक्षेत्रको स्थलगत गन्तव्य अवलोकन भ्रमण तथा पर्यटकीय गतिविधिका विभिन्न कार्यक्रम गरिएको थियो । कार्यक्रमको अन्तिम दिन सामुदायिक पर्यटन अनुभव, अन्तर्क्रियात्मक भेटवार्ताका साथै पर्यटन क्षेत्रका सरोकारवाला, उद्यमी र नेतृत्वबीच कोशी प्रदेशको पर्यटन विकासका विभिन्न आयामबारे छलफल भएको थियो । कन्क्लेभको उद्घाटन गर्दै कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्कीले प्रदेशलाई पर्यटन गन्तव्यको रूपमा विकास गर्न पाटा नेपालको पहल सान्दर्भिक भएको बताउनु भएको थियो । उक्त 'डेस्टिनेसन मार्केटिङ कन्क्लेभ २०२३' मा राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमबाट पनि सहभागिता रहेको थियो ।



## "सुरक्षा व्यवस्थापन प्रणाली" सम्बन्धी तालिम प्रदान

निगमको व्यवस्थापन तहका उच्चपदस्थ कर्मचारीहरूको लागि सुरक्षा व्यवस्थापन प्रणाली (Safety Management System (SMS) for Senior Executives) सम्बन्धी तालिम प्रदान गरिएको छ । निगमको कार्यकारी समितिको निर्णय तथा निर्देशन बमोजिम निगमका कार्यकारी अध्यक्ष, नायब महाप्रबन्धकहरू लगायत सम्पूर्ण निर्देशकहरूको लागि लक्षित गरिएको उक्त तालिम हालै निगमको केन्द्रीय कार्यालयस्थित सभाहलमा सम्पन्न भएको थियो ।

नेपाल नागरिक उड्डयन प्राधिकरणमा आवद्ध लक्ष्मण कुमार देवकोटाले प्रशिक्षण गर्नु भएको उक्त तालिममा निगमबाट १७ जना उच्चपदस्थ कर्मचारीको सहभागिता रहेको थियो । तालिमको औपचारिक समापन पश्चात् प्रमाणपत्र वितरण गर्नुहुँदै कार्यकारी अध्यक्ष युबराज अधिकारीले सो तालिम मार्फत् निगमको Safety Management System लाई सुदृढ गर्न महत्त्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नुहुँदै त्यसका लागि सबै सरोकारवालाले उल्लेखनीय भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभएको थियो ।



## निगम र NATTA बीच अन्तरक्रिया सम्पन्न

नेपाल वायुसेवा निगम र नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्सबीच हालै निगम कार्यकारी अध्यक्षको उपस्थितिमा नेपाल वायुसेवा निगमको केन्द्रीय कार्यालयमा अन्तरक्रिया सम्पन्न भयो । उक्त अन्तरक्रियामा निगम संचालक समितिका सदस्यहरू क्याप्टेन सुधिर राई तथा अमृत मान श्रेष्ठ लगायत सम्पूर्ण विभागीय प्रमुखहरू र वरिष्ठ अधिकृतहरूको उपस्थिति रहेको थियो । यस्तै नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्सका अध्यक्ष रमेश थापा सहित कार्यसमितिका पदाधिकारीहरूको पनि उपस्थिति रहेको उक्त अन्तरक्रियामा Gross Fare, न्यायोचित र सरल ढंगमा टिकटहरूको बिक्री व्यवस्थापन, ग्रुप फेयर, Void Ticket Charge, फ्लाईट लगायत निगमको समग्र टिकट बिक्री अनुपात वृद्धि गर्दै उल्लेख्य रूपमा विदेशी पर्यटकहरू भित्र्याउने रणनीतिक एजेण्डाहरूमा छलफल भएको थियो ।

## पशुपतिक्षेत्र परिसर सरसफाइ अभियानमा निगमको सहभागिता

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नेतृत्वमा हरेक शनिबार दुई घण्टा पशुतिनाथ क्षेत्रमा बृहत सरसफाइ गर्ने अभियान थालिएको छ । उक्त सरसफाइ अभियान तीन महिनासम्म सञ्चालन हुने जनाइएको छ । प्रत्येक शनिबार दुई घण्टा (बिहान ८ बजेदेखि १० बजेसम्म) कर्मचारीले सरसफाइ गर्ने तयारी गरिएको हो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मातहतका २१ निकायका पदाधिकारी/कर्मचारीसहित संस्कृति एवं सम्पदा प्रेमी अभियन्ता, नागरिक समाज, सञ्चारकर्मी लगायतको सहभागिता रहने बताइएको उक्त सरसफाइ अभियानमा राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमबाट कार्यकारी अध्यक्ष युबराज अधिकारीको नेतृत्वमा कार्यसमिति सदस्यहरू सहितको सक्रिय सहभागिता रहेको थियो ।




## महाशिवरात्रीको अवसरमा निगमद्वारा नि:शुल्क पानी वितरण

राष्ट्रिय सांस्कृतिक पर्वका रूपमा मनाइने महाशिवरात्रीको अवसरमा राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमले विगतका वर्षहरूमा जस्तै यसपटक पनि पशुपति परिसरमा श्रद्धालु भक्तजनलाई नि:शुल्क पिउने पानी वितरण गरेको थियो । शिवजी उत्पत्ति भएको रातको नामबाट (कालरात्री, मोहरात्री, सुखरात्री र शिवरात्री नामक चार प्रमुख रात्रिमध्ये एक) नामकरण भएको यो पर्वमा वैदिक सनातन हिन्दु धर्मावलम्बीहरू भगवान शिवको श्रद्धाभक्तिपूर्वक पूजा-आराधना गर्ने गर्दछन् ।



## निगमको टिकट बिक्री कक्ष अतिरिक्त समय खुल्ने

नेपाल वायुसेवा निगमले यात्रुहरूको सुविधालाई मध्येनजर गर्दै २०७९ फागुन ५ देखि अन्तर्राष्ट्रिय टिकट बिक्री कक्ष बिहान ९:०० बजे देखि बेलुका ७:०० बजे सम्म खुल्ला रहने व्यवस्था गरेको छ । यसबाट यात्रुहरूलाई थप सहज हुने अपेक्षा गरिएको छ । शुक्रबार, शनिबार र सार्वजनिक बिदाको दिनमा बिहान साविककै १०:०० बजे देखि बेलुका ५:०० बजे सम्म बिक्री कक्ष खुल्ला रहने छ ।



# “साउथ एसियाज ट्राभल एण्ड टुरिजम एक्सचेन्ज, २०२३” मा निगमको सहभागिता

कोभिड-१९ ले थलाएको मुलुकको पर्यटनलाई चलायमान बनाउन अन्तर्राष्ट्रिय पर्यटन प्रवर्द्धनमा नेपाल जुटेको छ । गत फेब्रुअरी ९ देखि ११ सम्म भारतको ग्रेटर नोयडामा आयोजित साउथ एसियाज ट्राभल एण्ड टुरिजम एक्सचेन्ज (साटे)मा नेपाल पर्यटन बोर्डको नेतृत्वमा राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगमसहित विभिन्न २ दर्जन बढी नेपाली पर्यटन सम्बद्ध संघसंस्था तथा पर्यटन कम्पनीको सहभागिता रह्यो ।

उक्त कार्यक्रममा पर्यटनसँग सम्बन्धित क्षेत्रीय तथा अन्तर्राष्ट्रिय पर्यटन उद्योग, बिक्रेता र पर्यटनसम्बद्ध सघसंस्था तथा व्यक्तिहरूको सहभागिता रहेको थियो । कोभिडको सङ्क्रमणपछि विभिन्न अन्तर्राष्ट्रिय मञ्चमा नेपालको पर्यटन प्रवर्द्धनका काम भइरहेकोमा उक्त कार्यक्रमलाई भारतीय बजारमा नेपाली पर्यटन तथा उड्डयनसम्बद्ध क्षेत्रको प्रवर्द्धन गर्ने/गराउने प्रभावकारी मञ्चको रूपमा लिइएको छ ।




# भारतको बैंगलोरमा ट्राभल एण्ड टुरिजम फेयर सम्पन्न




भारतको बैंगलोरमा फेब्रुअरी १७-१९, २०२३ मा ट्राभल एण्ड टुरिजम फेयर (टीटीएफ) सम्पन्न भयो । उक्त फेयरमा नेपाल पर्यटन बोर्डको संयोजकत्वमा नेपालबाट राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम लगायत निजी क्षेत्रका विभिन्न पर्यटनसम्बद्ध संघसंस्थाको सहभागिता रहेको थियो । पर्यटन प्रवर्द्धनको हिसाबले उक्त प्रदर्शनीलाई भारतको सबैभन्दा ठूलो मञ्च मानिन्छ । यसलाई नेतृत्वदायी 'ट्राभल ट्रेड सो' सञ्जालको रूपमा पनि लिने गरिन्छ ।

# भारतको मुम्बईमा “आउटबाउण्ड ट्राभल मार्ट” सम्पन्न

फेब्रुअरी २-४, २०२३ मा भारतको मुम्बईमा 'आउटबाउण्ड ट्राभल मार्ट' सम्पन्न भएको छ । फेयरफेष्ट मिडिया लिमिटेडले आयोजना गरेको उक्त प्रदर्शनीमा नेपालबाट नेपाल पर्यटन बोर्डको संयोजकत्वमा राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम लगायत विभिन्न २० वटा पर्यटनसम्बद्ध संघसंस्थाको सहभागिता रहेको थियो ।



# सार्वजनिक संस्थान खेलकुद प्रतियोगितामा निगमको सहभागिता

तेह्रौं सार्वजनिक संस्थान खेलकुद प्रतियोगिता २०७९ मा निगमले पुरूष भेट्रान्स व्याडमिन्टन प्रतियोगितामा तृतीय स्थान प्राप्त गरेको छ । निगमका कर्मचारीद्वय जंग बहादुर चन्द र घनश्याम भट्ट सहभागी भएको उक्त खेलमा निगमले तृतीय स्थान हासिल गरेको हो । २०७९ माघ २४ देखि २९ सम्म सञ्चालित उक्त प्रतियोगिता अन्तर्गत निगमले पुरूष भेट्रान्स व्याडमिन्टन लगायत, सिंगल, डबल व्याडमिन्टन र फुटसल प्रतियोगितामा सहभागिता (बाँकी ६ पृष्ठमा)



## सार्वजनिक संस्थान ...........

जनाएको थियो । सार्वजनिक संस्थान खेलकुद विकास संघद्वारा आयोजित उक्त फुटसल प्रतियोगिता भृकुटीमण्डपस्थित फुटसल ग्राउण्डमा र ब्याडमिन्टनका खेलहरू दशरथ रंगशालामा संचालन भएका थिए । निगम टिमले फुटसल प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गरेको थियो ।

## "अमेजिङ मोटर र्‍याली २०२३" मा निगमको सहभागिता

मुलुकको आन्तरिक पर्यटन प्रवर्द्वन गर्ने उद्देश्यका साथ केजीएज फाउण्डेसन अन्तर्गत वाटरफ्रन्ट रिसोर्टले गत १८ फेब्रुअरीमा कुल २५७.७ किलोमिटर दूरीको काठमाडौं-चितवन-पोखरा 'अमेजिङ मोटर र्‍याली २०२३' को दशौं संस्करण आयोजना गरेको थियो । उक्त मोटर र्‍यालीमा पर्यटनसम्बद्ध सरोकारवाला र विभिन्न संघसंस्थाको सहभागिता रहेको थियो । राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमको तर्फबाट पनि उक्त 'अमेजिङ मोटर र्‍याली २०२३' मा प्रवर्द्धनात्मक सहभागिता रहेको थियो ।



# विभागीय समाचार

## मानव संशाधन विभाग

### पौष

#### सरुवा/पद स्थापना

| क्र.सं. | कर्मचारीको नाम | तह | पद | विभागबाट/विभागमा |
|---|---|---|---|---|
| १. | अजय विक्रम शाह | ७ | अर्थ प्रबन्धक | हङ्‌कङ्‌ स्टेशन/अर्थ विभाग |
| २. | चेतनाथ न्यौपाने | ६ | अर्थ प्रबन्धक | दुवई स्टेशन/अर्थ विभाग |
| ३. | उज्ज्वल उप्रेती | ६ | अधिकृत | यात्रुसेवा विभाग/संस्थागत सुरक्षा महाशाखा |
| ४. | प्रदिप गैरे | ६ | लेखा अधिकृत | अर्थ विभाग/पोखरा स्टेशन |
| ५. | दिनेश सुन्दास | ५ | वरिष्ठ सहायक | वाणिज्य विभाग/ईलाम स्टेशन |

#### राजिनामा

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १. | सुजाता ढकाल | ५ | विमान परिचारिका |

#### अवकाश

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १. | पुन्यराम बासुकला | ४ | प्राविधिक |
| २. | निमा तामाङ्‌ | ३ | हेड लोडर |

#### अवकाश

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १. | महेश प्रसाद भट्टराई | ८ | का.मु. उपनिर्देशक |

### माघ

| क्र.सं. | कर्मचारीको नाम | तह | पद | विभागबाट/विभागमा |
|---|---|---|---|---|
| १. | टंकनिधि दाहाल | १० | निर्देशक | यात्रुसेवा विभाग /वाणिज्य विभाग |
| २. | करिष्मा श्रेष्ठ | १० | निर्देशक | कार्यकारी अध्यक्षको कार्यालय/फ्लाईट रिभ्यु कमिटि |
| ३. | रमेश आचार्य | ८ | व. अटोमोबाईल इन्जिनियर | ग्राउण्ड सपोर्ट विभाग/सा.से. तथा सम्पति व्यवस्थापन विभाग अर्थ विभाग |
| ४. | विदित देवकोटा | ७ | अटोमोबाईल इन्जिनियर | ग्राउण्ड सपोर्ट विभाग/पोखरा अ. विमानस्थल |
| ५. | सुलेख मिश्र | ७ | वरिष्ठ अधिकृत | कार्यकारी अध्यक्षको कार्यालय/फ्लाईट रिभ्यु कमिटि |
| ६. | कुमार तामाङ्‌ | ६ | अधिकृत | संस्थागत विभाग/कार्यकारी अध्यक्षको कार्यालय |
| ७. | अर्जुन सुनार | ५ | वरिष्ठ लेखा सहायक | अर्थ विभाग/आन्तरिक लेखा परिक्षण विभाग |
| ८. | हेमन्त अर्याल | ५ | वरिष्ठ लेखा सहायक | आन्तरिक लेखा परिक्षण विभाग/अर्थ विभाग |
| ९. | उमाकान्त न्यौपाने | ४ | सहायक | बाजुरा स्टेशन/जुम्ला स्टेशन |
| १०. | डम्बर बहादुर खत्री | ३ | कनिष्ठ सहायक | जुम्ला स्टेशन/बाजुरा स्टेशन |

## अपरेसन्श् विभाग

### माघ/फागुन

- उडानको सुरक्षा अभिबृद्धि गर्न NAC ATO Safety Audit 2023 सम्पन्न ।
- दाङ र रेशुङ्गा विमानस्थलको Sector Fuel Calculation गर्ने कार्य सम्पन्न ।
- Lebanon को UN Mission Flight कुशलता पूर्वक सम्पन्न ।
- त्रृहरूका निम्ति Mandatory तथा Regular तालिम प्रदान/सम्पन्न ।
- Crew Lay Over का लागि कम्तिमा सातामा तीनवटा उडानहरू भएका Sector हरूमा पुनः Crew Lay Over सुचारू गरिएको ।
- Electronic Flight Bag को अध्यावधिकसहित कार्यान्वयन गरिएको ।

## ग्राउण्ड सपोर्ट विभाग

- BKK Station मा SGHA renew को लागि आवश्यक प्रक्रिया अगाडी बढाईएको ।
- Salam Air सँग Service Level Agreement सम्पन्न गरिएको ।
- Druk Air सँग SGHA renew को लागि प्रक्रिया अगाडी बढाईएको ।
- A320 4C Check को गर्नका लागि Changi Airport Singapore मा Ground Handling, Catering Service, Crew Transportation का निम्ति आवश्यक समन्वय गरिएको ।

# Ground Support Department TACC Section
# LOST AND FOUND RECORD SUMMARY

| S.N. | Year Months | Found Materials/Goods (in Frequency) | | | | | | | | Tot. pcs. | HOV to Airlines | | | | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Mob | Cam | Mny | ipd/Laptop | PP | Gld | Note | Elx | | Staff | Crew | Police/security | Paxs | |
| 3 | 2079 Poush | 3 | 0 | 2 | 9 | 0 | 0 | 0 | 5 | 19 | 18 | 1 | 0 | | |
| 3 | 2079 Magh | 7 | 0 | 5 | 4 | 0 | 2 | 0 | 6 | 24 | 22 | | 2 | | |
| **Total** | | **10** | **0** | **7** | **13** | **0** | **2** | **0** | **11** | **43** | **40** | **1** | **2** | | |

**नोटः**

उपरोक्त विवरण ग्राउण्ड सपोर्ट विभाग टी.ए.सी.सी शाखा अन्तर्गत विमानस्थलमा विमानको क्याबिन सफाई गर्ने क्रममा यात्रुहरूबाट छाडिएका सामानहरू यस विभागमा कार्यरत कर्मचारीहरूले पाई सम्बन्धित ठाँउमा बुझाएका सामानहरूको हो ।

**Details**

Mob : Mobiles /Cam : Different types of movie and still camera/watch./Mny : Money and wallets/ipd : i-phone, i-pod, i-pad, tablets, Laptop etc. Gld: Gold and ornaments/Elx : Other electronic appliances/items, games, pendrives, Powr Bank etc. Hov : Handed over to the related airlines (staff, crew, passengers) PP : Passport

## Performance Report of Flights from Kathmandu for the month of MANGSHIR AND POUSH 2079

| FLIGHT PERFORMANCE (%) | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| FLEEET/MONTH | A330 9N-ALY | | A330 9N-ALZ | | A320 9N-AKW | | A320 9N-AKX | | OVERALL | |
| PARTICULARS | MANGSHIR | POUSH | MANGSHIR | POUSH | MANGSHIR | POUSH | MANGSHIR | POUSH | MANGSHIR | POUSH |
| RELIABILITY | 100% | 100% | 100% | 100% | 100% | 100% | 100% | 100% | 100% | 100% |
| PUNCTUALITY | 55% | 61% | 53% | 38% | 57% | 46% | 53% | 62% | 54% | 52% |

## DUTY ROSTER OF RA CLINIC DOCTORS & NURSES FOR HEAD OFFICE

| S.N. | NAME OF DOCTORS | SUNDAY | MONDAY | TUESDAY | WEDNESDAY | THURSDAY | FRIDAY |
|---|---|---|---|---|---|---|---|
| 1. | Dr. RANJEET S. BARAL<br>Consultant Cardiologist/AME & General Physician<br>NMC: 1516<br>Mobile No. 9851053577 | 1200-1300 | 1200-1300 | | | 1200-1300 | |
| 2. | DR. GYANENDRA SHAH<br>Senior Consultant, Orthopedic Surgeon<br>NMC: 4723<br>Mobile No. 9851029425 | | 1300-1400 | | | 1300-1400 | 1100-1200 |
| 3. | DR. LOCHAN KARKI<br>Consultant Physician<br>NMC: 4687<br>Mobile No. 9851056689 | | | 1500-1600 | | 1500-1600 | 1300-1400 |
| 4. | Dr. KAVITA ADHIKARI<br>Consultant Gynecologist<br>NMC: 3679<br>Mobile No. 9851176411 | 1500-1600 | | 1500-1600 | 1500-1600 | | |
| 5. | Dr. SHIVAJI BIKRAM SILWAL<br>Consultant Cardiologist<br>NMC: 6335<br>Mobile No. 9801022997 | | 1500:1600 | | 1500:1600 | | 1400-1500 |
| 6. | Dr. BISHWA RAJ DAWADI<br>Consultant Family Physician<br>NMC: 4996<br>Mobile No. 9841226322 | 1300-1400 | | 1300-1400 | 1300-1400 | | |

# Commercial Department
## Traffic And Revenue Performance of Schedule Flights of Domestic & International Stations As of Poush & Magh, 2079

| Region | Poush 2079 | | | | Magh 2079 | | | | Total in Two Months | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | Total Revenue Passenger Flown | Passenger Revenue | Freight Revenue | Total Revenue | Total Revenue Passenger Flown | Passenger Revenue | Freight Revenue | Total Revenue | Grand Total Passenger Flown | Grand Total Revenue in NPR |
| Domestic | 2,029 | 14,783,662 | 147,645 | 14,931,307 | 1,244 | 8,728,703 | 33,977 | 8,762,680 | 3,273 | 23,693,987 |
| **Domestic Total** | **2,029** | **14,783,662** | **147,645** | **14,931,307** | **1,244** | **8,728,703** | **33,977** | **8,762,680** | **3,273** | **23,693,987** |
| KTM-NRT | 2,024 | 187,967,852 | 7,038,960 | 195,006,812 | 1,707 | 143,443,436 | 6,525,130 | 149,968,566 | 3,731 | 344,975,378 |
| NRT-KTM | 2,049 | 161,552,052 | 3,710,850 | 165,262,902 | 2,058 | 160,953,184 | 4,335,730 | 165,288,914 | 4,107 | 330,551,816 |
| KTM-DXB | 3,215 | 106,733,700 | 2,755,894 | 109,489,594 | 3,232 | 92,955,460 | 12,689,946 | 105,645,406 | 6,447 | 215,135,000 |
| DXB-KTM | 2,846 | 42,141,076 | 3,652,016 | 45,793,092 | 3,287 | 51,485,131 | 3,891,878 | 55,377,009 | 6,133 | 101,170,101 |
| KTM-DEL | 6,909 | 59,811,636 | 3,270,365 | 63,082,001 | 4,415 | 31,634,200 | 3,461,980 | 35,096,180 | 11,324 | 98,178,181 |
| DEL-KTM | 5,465 | 42,926,672 | 1,158,876 | 44,085,548 | 3,967 | 26,477,584 | 834,968 | 27,312,552 | 9,432 | 71,398,100 |
| KTM-KUL | 3,405 | 137,251,900 | 11,370,338 | 148,622,238 | 3,300 | 123,177,500 | 1,878,023 | 125,055,523 | 6,705 | 273,677,761 |
| KUL-KTM | 2,527 | 47,900,568 | 748,590 | 48,649,158 | 2,502 | 41,298,912 | 904,800 | 42,203,712 | 5,029 | 90,852,870 |
| KTM-DOH | 3,025 | 94,141,500 | 1,560,885 | 95,702,385 | 3,908 | 112,555,740 | 2,062,175 | 114,617,915 | 6,933 | 210,320,300 |
| DOH-KTM | 2,794 | 59,846,791 | 3,372,982 | 63,219,773 | 3,995 | 89,697,602 | 3,307,320 | 93,004,922 | 6,789 | 156,224,695 |
| KTM-BKK | 1,823 | 51,061,640 | 323,045 | 51,384,685 | 955 | 24,798,400 | 355,675 | 25,154,075 | 2,778 | 76,538,760 |
| BKK-KTM | 1,125 | 36,077,600 | 1,987,476 | 38,065,076 | 1,065 | 33,841,000 | 688,624 | 34,529,624 | 2,190 | 72,594,700 |
| KTM-HKG | 1,182 | 66,908,440 | 2,223,516 | 69,131,956 | 915 | 46,755,800 | 2,926,972 | 49,682,772 | 2,097 | 118,814,728 |
| HKG-KTM | 928 | 26,482,704 | 6,742,115 | 33,224,819 | 1,154 | 49,197,408 | 6,176,185 | 55,373,593 | 2,082 | 88,598,412 |
| KTM-BOM | 1,285 | 14,945,800 | 11,080 | 14,956,880 | 62 | 558,660 | 30,190 | 588,850 | 1,347 | 15,545,730 |
| BOM-KTM | 723 | 7,906,864 | 325,582 | 8,232,446 | 98 | 822,880 | 125,236 | 948,116 | 821 | 9,180,562 |
| KTM-BLR | 1,857 | 20,039,760 | 63,000 | 20,102,760 | 1,552 | 9,002,360 | 56,400 | 9,058,760 | 3,409 | 29,161,520 |
| BLR-KTM | 1,834 | 14,194,120 | 223,074 | 14,417,194 | 1,581 | 9,188,080 | 224,184 | 9,412,264 | 3,415 | 23,829,458 |
| KTM-RUH | 687 | 26,949,992 | 4,200 | 26,954,192 | 570 | 19,657,120 | 14,112 | 19,671,232 | 1,257 | 46,625,424 |
| RUH-KTM | 736 | 12,652,206 | 75,520 | 12,727,726 | 526 | 8,929,678 | 119,040 | 9,048,718 | 1,262 | 21,776,444 |
| **Intl Total** | **46,439** | **1,217,492,873** | **50,618,364** | **1,268,111,237** | **40,849** | **1,076,430,135** | **50,608,568** | **1,127,038,703** | **87,288** | **2,395,149,940** |
| **Grand Total** | **48,468** | **1,232,276,535** | **50,766,009** | **1,283,042,544** | **42,093** | **1,085,158,838** | **50,642,545** | **1,135,801,383** | **90,561** | **2,418,843,927** |

**Note:**

1. Prepared on the basis of data submitted from respective stations.
2. Domestic Revenue includes revenue from operated scheduled flight.
3. International Revenue calculated on the basis of Yield.
4. Charter Flights are not included in above data.